का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २८६
❐ २४ मंसिर २०७८, शुक्रबार
❐ 10 December 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

काँग्रेस महाधिवेशन



सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसका नेताहरु नेतृत्व हत्याउनेगरी प्यानल बनाउने ठूलो कसरत सहित महाधिवेशनमा होमिएको छ । आज उद्घाटन हुने १४औं महाधिवेशनबाट नेतृत्व हत्याउने बिहीबार रातिसम्म नेताहरु आन्तरिक छलफलमा जुटेका थिए ।

**निर्वाचन तालिका**

- शुक्रबार बिहान १० बजे: मतदाता नामावली प्रकाशन
- शनिबार बिहान १० बजे: मनोनयन दर्ता
- शनिबार साँझ ५-७ बजे: दावी विरोध
- शनिबार साँझ ७-९ बजे: दावीविरोधबारे निर्णय
- शनिबार राति ९-१२ बजे: उम्मेदवार नामावली प्रकाशन
- आइतबार बिहान ११ बजेसम्म: उम्मेदवारी फिर्ता
- आइतबार दिउँसो १२:३० बजे: अन्तिम नामावली प्रकाशन
- सोमबार बिहान ८ बजेबाट: मतदान

*काँग्रेसको महाधिवेशनका लागि तयार पारिदै मञ्च । यो मञ्चमा डेढ अतिथि अटाउने आयोजकले जनाएको छ । तस्वीर: रासस*

# अलमलसहित महामेला उद्घाटन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

नयाँ नेतृत्व चयन गर्नेगरी सत्तारुढ दल नेपाली काँग्रेसको महामेला आजबाट शुरु हुँदैछ । भृकुटीमण्डपको खुला चउरमा कृतिम मञ्च तयार पारी १४औं महाधिवेशन उद्घाटन हुने काँग्रेसको नेतृत्व चयन पनि आजैबाट शुरु हुनेछ । दिउँसो १ बजे महाधिवेशन उद्घाटन हुने भएपनि मतदाता नामावली भने बिहान १० बजे प्रकाशन हुने निर्वाचन तालिका छ ।

सैद्धान्तिक, राजनीतिक, संगठनात्मक छलफल यसपटक नगरी नेतृत्व चयनमा केन्द्रीत हुन लागेको काँग्रेसका शीर्ष नेताहरु शुक्रबार रातिसम्मै आन्तरिक छलफलमा जुटे । काँग्रेसका सभापति शेरबहादुर देउवा विरुद्ध उम्मेद्वार तयार पार्न संस्थापन इतरका नेताहरु शुक्रबार दिनभर छलफलमा जुटेका थिए ।

पार्टी स्थापना देखि नै संस्थापन रहेको यो समूहका नेताहरु १३औं महाधिवेशनपछि पार्टीभित्र प्रतिपक्षमा छन् । त्यसैले यसपटक जसरी पनि देउवालाई पराजित गर्नेगरी यो समूहका नेताहरु लगातार छलफलमा छन् । महाधिवेशन प्रतिनिधि चयन हुने शुरु गर्ने बेला देखि नै यो समूहका नेताहरु छलफलमा छन् । शुरुमा तीन बाँकी पृष्ठ २ मा

# भव्य मञ्च स्वत:स्फूर्त सहभागिता

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

आज दिउँसो १ बजे उद्घाटन हुने १४औं महाधिवेशनका लागि नेपाली काँग्रेसले राजधानीका सडक र भित्ताहरु रंगिन बनाएको छ । काँग्रेस झण्डा, चुनाव चिन्ह रुख र स्वागत द्धवारहरुले राजधानीका मूख्य सडकहरु महाधिवेशनमय बनाइएको छ ।

भृकुटीमण्डपमा उद्घाटन हुने महाधिवेशनका लागि १५० जना भन्दा बढी अट्ने मञ्च तयार पारिएको पार्टी कार्यालय सचिव डा. प्रदीप पराजुलीले बताए । महाधिवेशनको उद्घाटन समारोहमा मुख्य राजनीतिक दलहरुलाई बोलाइएको छ । भारतको भारतीय जनता पार्टी र कांग्रेस आईका प्रतिनिधि पनि बोलाइएको पराजुलीले बताए ।

तर कोरोना जोखिमका कारण उपत्यका बाहिरबाट सहभागी भने नल्याइएको काँग्रेसले जनाएको छ । राजधानी बाहिरबाट नबोलाइएको भएपनि स्वत:स्फूर्त आउने संख्या बढिरहेको काँग्रेस केन्द्रीय कार्यालयले जनाएको छ । सहभागी संख्या धेरै हुने भएपछि सहभागीलाई सजिलो पार्न मञ्च बाहिर ठूला पाँच डिस्प्ले राखिएको छ । सञ्चारमाध्यमका लागि रिर्पोटिङ गर्न मञ्च नजिकै छुट्टै स्टेज बनाइएको छ । स्टेजमा ६० भिडियो बाँकी पृष्ठ २ मा

## आकांक्षीको भीड

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर ।

नेपाली काँग्रेसका युवा नेता गगन थापाले राजधानी उपत्यकामा शुक्रबार भव्य सभा गर्दै उम्मेद्वारी घोषणा गरेका छन् । प्रज्ञा भवनमा थापाले सभाकै आयोजना गरी उमेद्वारी घोषणा गरेका हुन् । उनले यसपटक पनि महामन्त्री पदमा चुनाव लड्ने बताएका छन् । थापाले १३औं महाधिवेशनमा पनि महामन्त्री पदमै प्रतिश्पर्धा गरेका थिए ।

परीणाम तेस्रो ल्याए पनि थापाको प्रतिश्पर्धा सम्मानयोग्य थियो । त्यसबेला काँग्रेसमा तेस्रो धारबाट उनीको उम्मेद्वारी परेको थियो । सभापतिमा कृष्णप्रसाद सिटौलाको प्यानलबाट थापाले चुनाव लडेका थिए । तर यसपटक भने उनी सिटौलासँग टाढिएका छन्, सभापति शेरबहादुर देउवाको प्यानलमा सहभागी छैनन् । यसको अर्थ वरिष्ठ नेता रामचन्द्र बाँकी पृष्ठ २ मा

# कांग्रेस महाधिवेशनमा करिब तीन दर्जन व्यवसायी प्रतिनिधि

## एसोसिएसनले गऱ्यो सम्मान

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर

नेपाली कांग्रेसको १४ औं महाधिवेशनका लागि विभिन्न जिल्लाबाट करिब तीन दर्जन वैदेशिक रोजगार व्यवसायीले प्रतिनिधित्व गर्ने भएका छन् । उनीहरू नेपाली कांग्रेसका अन्य कार्यकर्ता सरह प्रतिस्पर्धा गरेर विजयी बनेर प्रतिनिधि चयन भएका हुन् । कांग्रेस महाधिवेशनमा ४ हजार ३ सय १९ प्रतिनिधि तोकिएका छन् ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले आफ्नो संस्थामा आवद्ध महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य व्यवसायीहरुलाई बिहीबार राजधानीमा आयोजित एक कार्यक्रममा बधाईका साथ सम्मान गरेको छ ।

एसोसिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सम्मानित महाधिवेशन प्रतिनिधिहरूले नेपाली कांग्रेसको महाधिवेशनमा ठुलो संख्यामा व्यवसायीहरू निर्वाचनका माध्यमबाट विजयी भएर आउनु वैदेशिक रोजगार क्षेत्रको सुधारका लागि महत्वपूर्ण भएको बताए ।

एसोसिएसनका महासचिव भवानी निरौलाका अनुसार कास्कीबाट एसोसिएसनका बाँकी पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

### चार व्यावसायी केन्द्रीय सदस्यमा उठ्ने

**काठमाडौं/मस**– नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आवद्ध तीन जना व्यवसायीले केन्द्रीय सदस्यको उम्मेदवारी दिने बताएका छन् ।

एसोसिएसनका संस्थापक अध्यक्ष तिलक रानाभाट, संस्थापक उपाध्यक्ष सिता देवकोटा पाण्डे, संस्थापक सदस्य अब्दुल सत्तार र ताप्लेजुङका युवा व्यवसायी युवराज गुरुङले नेपाली कांग्रेसको केन्द्रीय सदस्य पदमा उम्मेद्वारी दिने बताएका छन् । बाँकी पृष्ठ २ मा


## यूएईमा रोजगारको अवसर

कम्पनी : BUSY BEE BUILDING CLEANING SERVICES शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००११ LT. No.: 253390

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeper | 20 | 6 | स. काममा दक्ष | 1000 | ३२,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस ८ र ९ गते (23 & 24 December 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SURKHET OVERSEAS PVT. LTD.
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com
Mobile: 9851212203, 9851235143,9851322884,984-1136727,981-8441474



## यूएईको प्रतिष्ठित सुपरमार्केट कम्पनीमा रोजगारको अवसर

कम्पनी : Al MAYA SUPERMARKET LLC
शहर : UAE



पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००१० LT. No.: 253391

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Helpers | 45 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Advisors | 0 | 50 | | 2000 | ६४,२०० | | | | | | | |
| 3. | Stock Pickers | 25 | 0 | | 1300 | ४१,७३० | | | | | | | |
| 4. | Cashiers | 25 | 25 | | 1200 | ३८,५२० | | | | | | | |
| 5. | Data Entry Operator | 10 | 0 | | 1300 | ४१,७३० | | | | | | | |

Sales Advisor Female को हकमा Excellent English र Sales को अनुभव भएकोलाई विशेष प्राथमिकता दिईने छ ।

यसै कम्पनीका लागि Male Barista र Female Barista, Waitress Female को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । फाईनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २ र ३ गते (17 & 18 December 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SURKHET OVERSEAS PVT. LTD.
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com
Mobile: 9801026395,9851212203,9851235143,9851322884,9841136727,9808798478 9818441474,9801077152

# मुख्यमन्त्री पोखरेलले केन्द्रीय सदस्यमा उम्मेद्वारी दिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा उम्मेदवारी दिने भएका छन् । नेपाल निजामती कर्मचारी युनियनको केन्द्रीय समितिको १० औं पूर्ण बैठकलाई काठमाडौंमा सम्बोधन गर्दै पार्टीको चौंधौं महाधिवेशनमा उनले उम्मेदवारी दिने घोषणा गरेका हुन् । बिपीको परिकल्पनाबाट स्थापित पार्टीलाई अझ सशक्त र मजबुत बनाउन फेरि १ पटक केन्द्रीय समितिमा रहेर काम गर्न चाहेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो । उनी १२ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य हुन् ।



सहमहामन्त्रीमा चर्चा चले पनि अन्ततः उनले केन्द्रीय सदस्यमै उम्मेदवारी दिने भएका हुन् । युवापुस्तालाई पार्टीको नेतृत्वमा पुऱ्याउनका लागि सहमहामन्त्रीमा उनीहरुलाई अवसर दिनकै लागि आफू केन्द्रीय सदस्यमा उम्मेदवारी दिन लागेको पोखरेलको भनाइ थियो । मुलुकलाई अप्ठेरो परेका बेला निकास दिने नेपाली कांग्रेस नै भएकाले अबका चुनावमा प्रष्ट बहुमत ल्याउनका लागि त्यसै अनुसारको तयारी गरेर अगाडि बढ्नुपर्ने उनले बताए ।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले जेठ २९ गते गठन भएको आफू नेतृत्वको सरकारले हतारमा बजेट ल्याउनु परे पनि नागरिकले अनुभूति गर्ने गरी काम गरेको दाबी गरे । उनले भने, '६ महिनामै चमत्कार भयो भनेर म भन्दिनँ तर पनि केही उदाहरणीय काम गरेका छौं ।'

महिलाका लागि स्तन र पाठेघरको क्यान्सरको निशुल्क उपचार, प्रदेशलाई सडक मानवमुक्त घोषणा, कोरोनाले अभिभावक गुमाएका बालबालिकालाई शिक्षाका लागि मासिक ५ हजार रुपैयाँ प्रदान लगायतका लोकप्रिय काम पोखरेल नेतृत्वको सरकारले यो अवधिमा गरेको छ ।

कोरोनाबाट ज्यान गुमाउनेका परिवारलाई ५० हजार रुपैयाँ, साना व्यवसायीका लागि व्यवसाय जीवन रक्षा कोषलाई निरन्तरता दिइएको उनले बताए । प्रदेशलाई पूर्ण साक्ष घोषणा, शिक्षा र स्वास्थ्य नीति घोषणा पनि यही अवधिमा गरिएको छ । अब प्रदेशमा १८ वर्षभन्दा माथिको उमेरका सबैजसोले कोरानाविरुद्धको खोप लगाइसकेको भन्दै अब नयाँ भेरियन्टबाट बच्नका लागि समेत सतर्कता अपनाइएको उनको दाबी छ । कोरोनाको उपचार र रोकथामका लागि स्वास्थ्य मन्त्रालयले थप जनशक्ति नियुक्तिका लागि प्रक्रिया थालेको जानकारी उनले गराए ।

गण्डकीको पर्यटन प्रबर्द्धनका लागि समेत प्रदेश सरकारले महत्वपूर्ण कार्य गरेको छ । प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु रावतलाई गण्डकीमा स्वागत, ११ देशका राजदूतलाई पोखरा बोलाएर आतिथ्यता प्रदान गरेपछि पोखरा सुरक्षित छ भन्ने सन्देश प्रवाह भएको पनि उनले बताए ।

# कांग्रेस केन्द्रीय सदस्यमा अब्दुल सत्तारको उम्मेद्वारी

**गोरखा/मस-** कतारको राष्ट्रिय मानव अधिकार समितिका नेपाली समाज संयोजक प्रोफेसर मोहम्मद रमजान अली मियाँले आफुले प्रारम्भिक शिक्षा शुरु गरेको गोरखाको एक विद्यालयको अक्षयकोष स्थापनार्थ एक लाख एक हजार एक सयको सहयोग गरेका छन् । गोरखाको सिरानचोक वडा नं ३ हर्मी बयापानीस्थित श्री शिखर ज्योति प्राथमिक विद्यालयलाई कोष निर्माणका लागि उनले सो सहयोग गरेका हुन् ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिंहबहादुर थापाको सभापतित्वमा आयोजित कार्यक्रममा विभिन्न वक्ताले मियाँले गरेको सहयोगको खुलेर प्रसंशा गरेका थिए । मियाँले २०४२ तिर सो विद्यालयबाट आफ्नो प्रारम्भिक शिक्षाको शुरूवात गरेका थिए । काठमाडौं स्थायी घर भएता पनि मियाँको पुर्ख्यौली गाउँ हर्मी बयापानी रहेको र यसरी सम्झेर आफ्नो गाउँको विकासमा उल्लेख्य सहयोग गरेकोमा उपस्तिथ सबैले मियाँको खुलेर प्रसंशा गरेका थिए ।

कार्यक्रममा सिरानचोक गाउँपालिका सदस्य एवं समाजसेवी योगेन्द्र बहादुर सुनार, विभिन्न समयमा विद्यालयलाई सहयोग गर्ने सहयोगी एवं समाजसेवी तथा राजनीतिक दलका प्रतिनिधि र वडा सदस्य, शिक्षक अभिभावक संघका सदस्य लगायत बुद्धिजिवी, विद्यार्थी तथा अभिभावकहरुको ठूलो संख्यामा उपस्थिति रहेको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानध्यापक रामचन्द्र थापा लगायत विशिष्ट व्यक्तिहरुले प्रोफेसर मियाँलाई खादा ओढाएर सम्मान गरे । सोही कार्यक्रममा मियाँले विद्यार्थीहरुलाई शैक्षिक सामग्री पनि वितरण गरेका थिए । कार्यक्रममा समाजसेवी मोहन बोगटी, टोप बहादुर बोगटी

शिक्षक नेत्र प्रसाद पराजुली, बल बहादुर सुनार, स्वास्थ्य स्वयंसेविका पम्फा सुनार, लक्ष्मी सुनार, गाउँपालिका वडा सदस्य सीता सुनार, शिक्षिका हाजिरा खातुन लगायतको उपस्थिति रहेको थियो ।

## अलमलसहित....

कोइराला (शशांक, शेखर र सुजाता) बीच सघन छलफल भएको थियो । त्यसपछि संस्थापक नेताहरुका पुत्रहरु (शशांक, प्रकाशमान सिंह र विमलेन्द्र निधि) बीच सम्वाद भयो । तर तिनै जनाले आफूलाई साझा उम्मेद्वार बनाउनुपर्ने अडान छोडेनन् ।

मंगलबारको छलफलबाट भने शशांकले शेखरलाई छोड्ने निर्णय लिएका छन् । १३औं महाधिवेशनमा देउवासँग पराजित भएका वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि साझा उम्मेद्वार चयन गर्न शेखर र प्रकाशमानका निम्ति छोड्ने बताएका थिए । तर शेखर र प्रकाशमान दुवैले अडान छोडेनन् । त्यसैले सोमबार देखि लगातार भइरहेको प्रयत्न सफल हुन सकेन । नेताहरुले भने मनोनयन दर्ता गर्ने बेलासम्म भएपनि साझा उम्मेद्वार चयन गरेर देउवालाई पराजित गर्नुपर्ने बताइरहेका छन् ।

देउवा पनि यसपटक फेरि सभापतिमा दोहोरिने गरी आन्तरिक छलफलमै छन् । विशेषगरी उपसभापति विमलेन्द्र निधिले सभापतिमा उम्मेद्वारी दिने भएपछि देउवालाई समस्या देखिएको छ । आन्तरिक प्यानल बनाउन नसके पराजित हुन सक्ने संभावना देखेकाले पनि देउवा शुक्रबार आन्तरिक छलफलमै जुटे । देउवा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला समूहलाई समेत मिलाउनेगरी छलफलमा छन् । प्रदेश-१ र बागमतीको निर्वाचनमा देउवालाई साथ दिएका सिटौलाले महाधिवेशनमा भने के गर्छन् भन्ने प्रष्ट हुन सकेको छैन ।

नेतृत्व चयनको महाधिवेशन नेताहरुको अलमल सहित उद्घाटन हुँदैछ । यो महाधिवेशनमा महामन्त्री पूर्णबहादुर खड्काले तयार पारेको संगठनात्मक, उपसभापति विमलेन्द्र निधिले तयार पारेको केन्द्रीय नीति, लेखा समितिका संयोजक श्याम घिमिरेले तयार पारेको प्रतिवेदन पारित पारित गर्दै नेतृत्व चयनको प्रक्रिया अगाडि बढाउने छ ।

## भव्य...

क्यामेरा सहित सञ्चारकर्मी रहने क्षमता छ । सबैतिर मञ्चको आवाज सुनिने गरी ठूला साउण्ड सिष्टम राखिएको छ ।

महाधिवेशनस्थल परिसर पार्टी झण्डा र चुनाव चिह्न अंकित झण्डाले सिँगारिएको छ । महाधिवेशनका उम्मेदवारका ब्यानर भने महाधिवेशनस्थलबाट हटाइएको छ । काँग्रेसको यो महाधिवेशनमा ४ हजार ७०० महाधिवेशन प्रतिनिधि रहनेछन् । प्रतिनिधिहरुलाई नास्ता र खानाको व्यवस्था महाधिवेशन परिसरमै गरिएको छ । बस्ने व्यवस्था भने सुन्धारा होटलहरुमा गरिएको छ ।

बन्दसत्र हुने भृकुटीमण्डपको हलमा पनि ठूलो मञ्च तयार हुनुका साथै हलभित्र पनि सात वटा डिस्प्ले राखिएको छ । महाधिवेशनमा नेपाल प्रहरीले सुरक्षाको आवश्यक प्रबन्ध गरेको र ट्राफिक प्रहरीले सवारीको उचित व्यवस्थापनको प्रबन्ध मिलाएको जनाएको छ ।

## आकांक्षीको ...

पौडेलको प्यानलबाट उम्मेद्वारी दिने संभावना धेरै छ ।

थापाले भन्दा अगाडि महामन्त्री पदमा प्रवक्ता विश्वप्रकाश शर्मा र प्रदीप पौडेलले महामन्त्रीमा उम्मेद्वारी घोषणा गरेका थिए । शर्मा र पौडेलको प्यानल पनि प्रष्ट भइसकेको छैन । शर्मा विमलेन्द्र निधिको प्यानलबाट र पौडेल सिटौलाको प्यानलबाट उम्मेद्वार भन्ने चर्चा छ । तर प्रष्ट भइसकेको छैन । सभापतिमा भने निधिले उम्मेद्वारी घोषणा गरिसकेका छन् । देउवाले फेरि दोहोरिन भनेपछि निधिले सार्वजनिक घोषणा मार्फत् उम्मेद्वारी दिने तयारी गरेका छन् ।

सभापतिमा देउवा र निधि बाहेक वरिष्ठ नेता रामचन्द्र पौडेल, केन्द्रीय सदस्य शेखर कोइराला र पूर्वमहामन्त्री प्रकाशमान सिंहले उम्मेद्वारी दिने तयारी गरेका छन् । यसपटक पदाधिकारीमा सवैभन्दा धेरै सहमहामन्त्रीमा प्रतिश्पर्धा हुने देखिन्छ । उम्मेद्वारी घोषणाको संख्या पनि बढेर गएको छ । महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, पीछडिएको क्षेत्र, थारु र खसआर्य क्लस्टरका आधारमा सहमहामन्त्री निर्वाचित हुँदैछन् ।

## कांग्रेस...

संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाट, दाङबाट पूर्व अधियक्ष द्वय किरण किशोर घिमिरे र प्रज्ञान न्यौपाने, रूपन्देहीबाट एसोसिएसन तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष विमल ढकाल, सदस्य ब्यबसायीहरु मोहम्मद जुनैद र आशुतोष मिश्र, सुर्खेतबाट पूर्व वरिष्ठ उपाध्यक्ष ऋषि शर्मा महाधिवेशनमा प्रतिनिधि भई आएका छन् ।

त्यसैगरी गोर्खाबाट संघा पूर्व उपाध्यक्ष अब्दुल सत्तार, ताप्लेजुङबाट संघका पूर्व अध्यक्ष बल बहादुर तामाङ र सदस्य ब्यबसायी युवराज गुरुङ, नवलपुर जिल्लाबाट एसोसिएसनकी संस्थापक एवं वैदेशिक रोजगार महिला व्यवसायी संगठनकी अध्यक्ष सीता देबकोटा, सुनसरीबाट संघकी निवर्तमान कोषाध्यक्ष राधिका कटुवाल, म्यादीबाट बलभद्र ढकाल र भिम रोक्का, झापाबाट एसोसिएसनका मछिन्द्रनाथ शेर्मा, सोलुखुम्बुबाट मनोज खड्का, काठमाडौंबाट अम्बिका शर्मा, कपिलवस्तुबाट मित्रदेब घिमिरे, मनाङबाट शंकर गुरुङ महाधिवेशनमा प्रतिनिधि भएर आएका छन् ।

त्यस्तै नवलपुरबाट श्याम श्रेष्ठ, उदयपुरबाट घनश्याम तामाङ, बागलुङबाट ऋषि राम कंडेल, सिरहाबाट नवल किसोर यादव र राजेश्वर यादव महाधिवेशनमा आएका छन् । पाँचथरबाट एसोसिएसन अध्यक्ष नरेन्द्रप्रसाद ढकाल, काभ्रेबाट राजेश गौतम र जनसम्पर्क समिति मलेसियाबाट स्याङ्जाका चोलाकान्त पंगेनी आएका छन् ।

उनीहरूमध्ये न्यौपाने, एसोसिएसन अध्यक्ष ढकाल र गौतम पार्टी केन्द्रले एसोसिएसनलाई दिएको तीन सिटमा प्रतिनिधित्व गरेको बताइएको छ । काभ्रेका गौतम सहिद परिवारका सदस्य हुन् । महासचिव निरौलाले विगतमा एजेन्ट र कर्मचारीको हैसियतले व्यवसायमा जोडिएका धेरै व्यक्ति महाधिवेशन प्रतिनिधिको हैसियतले आएको जानकारी भएपनि संख्या एकिन नभएको बताए ।

## चार...

सम्मान कार्यक्रममा उनीहरूले आफुहरूको जितले विगत लामो समयदेखि राष्ट्रको अर्थतन्त्रमा अतुलनीय योगदान दिएको वैदेशिक रोजगार क्षेत्रको सम्मान र कदर हुने भन्दै सक्रिय सहयोगको अपेक्षा गरेको बताए ।

एसोसिएसन अध्यक्ष नरेन्द्रप्रसाद ढकालले एसोसिएसनको स्थापनामा अतुलनीय योगदान गरेका तीन जना व्यवसायी नेपाली कांग्रेसजस्तो पुरानो प्रजातान्त्रिक पार्टीको केन्द्रीय सदस्य जस्तो सम्मानित पदमा प्रतिस्पर्धामा उत्रनु एसोसिएसनका लागि गर्वको विषय भन्दै उम्मेद्वारहरूलाई अत्यधिक मतका साथ विजयी गराउन सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूलाई अनुरोध गरिएको बताए । त्यसैगरी नेपाल वैदेशिक रोजगार व्यवसायी संघका कार्यवाहक अध्यक्ष तथा नेपाली कांग्रेस ओखलढुंगाका उपसभापति कमल तामाङले पनि ठुलो संख्यामा व्यवसायी महाधिवेशन प्रतिनिधिका रूपमा आउनु र चार जना व्यवसायी केन्द्रीय सदस्यको प्रतिस्पर्धामा उत्रिनु ऐतिहासिक महत्वको विषय भन्दै उनीहरूलाई निर्वाचित गर्न सबै व्यवसायी लाग्नुपर्ने बताए ।


## UAE मा रोजगार | १. कम्पनी: SERVICE PLUS SECURITY SERVICE L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७०००६ L.T. No.: 253232

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 40 | 0 | स. काममा दक्ष | 1500 | ४९,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: TAJ AL MADINA BUILDING MAINTENANCE L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७०००५ L.T. No.: 252042

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 60 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 25 | | 1000 | ३२,७९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २ गते (17 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**FISHTAIL OVERSEAS PVT. LTD.**
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com
Govt. Lic. No. 1286/074/075



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Open Care Cooperation Organization शहर : SHINSAKURA
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००१८ Lt. No.: 253381

| सि. न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 3 | 200000 | २,१३,१३२ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २ गते (17 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरुः**
**(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।**

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि:शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 5100475, Fax : 5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np
श्रम इजाजत नं.: ८८०/०६७/०६८



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५५/०१/१४ मा दर्ता भएको **प्रा.लि. नं. ८३९४** को **प्रकृति ट्रेडर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०८/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## साउदीमा रोजगारको अवसर | १. कम्पनी: RAWABI CO LTD शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/२२ चलानी नं.: ६०१७००२२ LT. No.: 253101

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: FAISAL ALI BIN ABDULLAH AL-MULHIM GENERAL CONTRACTING EST. शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०८/१३ चलानी नं.: ६०१७००२४ LT. No.: 252113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २ गते (17 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Nepal | Tel: 01-5903225
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com
Govt. Lic. No. 1210/073/074



## साउदीमा रोजगार | कम्पनी: GOLDEN CHICKEN FARMS COMPANY LTD शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००१२ LT. No.: 253092

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २ गते (17 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com
Gov. Lic No. 1328/074/075



## कतारमा रोजगार | कम्पनी: SEA QUEEN TRADING AND CONTRACTING WLL शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/२१ चलानी नं.: ६०१६२५०४ LT. No.: 244734 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pipe Fitter | 2 | 0 | | 1200 | ३९,६९६ | | | | | | | |
| 3. | Mason | 3 | 0 | | 1200 | ३९,६९६ | | | | | | | |
| 4. | Driver | 2 | 0 | | 1500 | ४९,६२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष २ गते (17 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Target H.R. Solution Pvt. Ltd.**
SINAMANGAL-09, KATHMANDU, Tel : 01-4116605
इजाजत पत्र नं. १३९७/०७४/०७५



## साउदीमा रोजगारको अवसर | १. कम्पनी : BLUE SKY CORPORATION शहरः RIYADH

स्वीकृत मितिः२०७८/०८/१९ चलानी नं.: ६०१६९६४४ L.T. No.: 252398

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ATAYEB ALNADA SERVING MEALS EST. शहरः DAMMAM
स्वीकृत मितिः२०७८/०८/२१ चलानी नं.: ६०१६९९५६ L.T. No.: 252399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Helper | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २ गते (17 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, गोंगबु, काठमाडौं, नेपाल, फोनः ४३८३९१३
E-mail: info@upesoverseas.com, upesoverseas@vianet.com.np
श्रम इजाजत नं. ४४/०४९/०५०

# भूकम्पको विनाशलाई अवसरमा बदल्न नेपाल सफल : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले भूकम्पपछिको उद्धार तथा राहतदेखि पुनःनिर्माणसम्म मित्र राष्ट्र, अन्तर्राष्ट्रिय निकाय र समुदायको महत्वपूर्ण सहयोग रहेको बताएका छन् ।

नेपालको पुनःनिर्माणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन-२०७८ समापन समारोहलाई बिहीबार राजधानीमा सम्बोधन गर्दै उनले भूकम्पपछिको पुनःनिर्माणले नेपालको अर्थतन्त्रमा पनि योगदान गरेको बताए । अझ राम्रो र बलियो पुनःनिर्माणको दृढतासहित नेपाल विनाशलाई अवसरमा बदल्न सफल भएको प्रधानमन्त्री देउवाले बताए ।

उनले भने, 'विनाशकारी भूकम्पको छ वर्षपछि पुनःनिर्माण र पुनःस्थापना कार्य सम्पन्नताको चरणमा पुगेको छ, भूकम्पको कष्टका बदलामा हामीले जोखिमको अनुकुलन र उत्थानशीलताको सबलीकरणको शिक्षा प्राप्त गरेका छौं ।'

पूर्वउपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले नेपालको पुनःनिर्माणलाई सफलताको चरणमा पुऱ्याएकोमा प्राधिकरणलाई धन्यवाद दिँदै पुनःनिर्माणपछिको उपलब्धि हासिल हुनुमा अन्तर्राष्ट्रिय समुदायको सहयोग महत्वपूर्ण रहेको उल्लेख गरे । विपद् जोखिमबाट मुक्त नेपाल निर्माणतर्फ अघि बढ्न विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन प्राधिकरणलाई स्वायत्त तथा अधिकारसम्पन्न बनाउनुपर्ने उनले बताए ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले अन्तर ाष्ट्रिय सम्मेलनका क्रममा विभिन्न सकरात्मक अभ्यास तथा अनुभवहरु आदानप्रदान भएको बताए ।

पुनर्निर्माणका क्रममा प्राप्त अनुभव भावी पुस्ताका लागि मात्र नभएर विश्वका अन्य भागलाई पनि उपयोगी हुने विश्वास उनले व्यक्त गरे । कार्यक्रममा नेपाल नगरपालिका संघका अध्यक्ष अशोक ब्याञ्जुले पुनर्निर्माणमा स्थानीय तहले महत्वपूर्ण भूमिका निर्वाह गरेको जानकारी गराए । आगामी दिनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थानीय सरकारलाई सामर्थ्यवान बनाइनुपर्ने उनको माग थियो ।

कार्यक्रममा नेपालका लागि चीनका राजदूत होऊ यान्छी, भारतीय दूतावासका प्रथम सचिव करुण बंशल, एसियाली विकास बैंकका नेपाल निर्देशक अर्नद काउचोइस, जापान सहयोग नियोग (जाइका) का प्रमुख प्रतिनिधि युमिको आशाकुमा, युएसएडकी नेपाल मिसन निर्देशक सेपिड केभान्साड, एफसिडिओको भारत एवं हिन्द महासागर निर्देशक बेन मेलरलगायतले नेपालले पुनःनिर्माण तथा पुनर्स्थापनाबाट आफूहरुले पनि सिक्ने अवसर पाएको बताए ।

विश्व बैंकका दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष हर्टविग स्काफर र युएनडिपीकी उप महानिर्देशक कानी विग्नाराजाले भिडियो सन्देशमार्फत आगामी दिनमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । बिहीबार सम्मेलनअन्तर्गतका १० वटा विषयगत सत्रहरु सम्पन्न भएका छन् । बुधबार उद्घाटनसँगै सम्मेलनका १० वटा सत्र सम्पन्न भएको थियो । सम्मेलनको बुधबार राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेकी थिइन् ।

समापन कार्यक्रममा परराष्ट्रमन्त्री डा.नारायण खड्का, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्रप्रसाद श्रेष्ठ उपस्थित थिए । त्यसैगरी, नेपाल सरकारका मुख्यसचिव, विभिन्न मन्त्रालयका सचिव, विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुख, नेपालस्थित विभिन्न दातृ निकायका प्रमुख तथा प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि लगायतको सहभागिता थियो । सम्मेलनपछि जारी घोषणापत्रमा स्थानीय सरकारलाई योजना, प्राविधिक एवं व्यवस्थापकीय हिसाबले सामर्थ्यवान बनाउनुपर्नेमा जोड दिँदै विपद् उत्थानशीलताको विकास गर्न विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन प्राधिकरणलाई प्रष्ट कार्यादेश, संचना, अधिकार र स्वायत्तता प्रदान गर्नुपर्ने उल्लेख गरिएको छ ।

# द्वन्द्वपीडितको नाम राखेर मात्र परिचयपत्र वितरण गर्न आदेश



**काठमाडौं/मस–**सर्वोच्च अदालतले दशवर्षे सशस्त्र द्वन्द्वका पीडितको नाममा वितरण गर्न लागिएको परिचयपत्रमा पीडितको नाम राखेर मात्र वितरण गर्न अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश तेजबहादुर केसीको एकल इजलासले मङ्गलबार परिचयपत्रमा पीडितको स्पष्ट पहिचान आउने गरी संशोधन गरेर मात्र जारी गर्न सरकारका नाममा अन्तरिम आदेश दिइएको हो ।

'पीडित परिचयपत्रको ढाँचामा पीडितकै भनाइबमोजिम उपरोक्त कुराहरु कमी भएको महसुस गरिएको र सोलाईसमेत समेटेर पीडित परिचयपत्र बनाउन पर्ने देखिएको छ', आदेशमा भनिएको छ,'हाल बनेको परिचपत्रको ढाँचामा निवेदकद्वारा उल्लेख गरेको थप बुँदालाई गम्भीरतापूर्वक मनन गरी पुनरावलोकन गरेर निवेदकले उल्लेख गरेको उपरोक्त बुँदालाई समेत समेटेर परिचयपत्र बनाउनु ।'

अधिवक्ता ज्ञानेन्द्रराज आरणले पीडितका नाममा वितरण गर्न लागिएको परिचपयपत्रमा पीडितको नाम नै नभएकाले संशोधन गरी पीडितको नामसहितको परिचयपत्र वितरण गर्न आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको थियो ।

रिट निवेदनमा १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्वकालको अस्तित्व नै समाप्त गर्ने गरी सरकारले परिचयपत्र वितरण गर्न लागेको हुँदा उक्त परिचयपत्र रोकी पीडितको नामसहितको परिचयपत्रका लागि आदेशको माग गरिएको थियो । परिचयपत्रमा द्वन्द्वपीडित राज्य वा विद्रोही कुन पक्षबाट पीडित भएको भन्ने कुरा स्पष्ट उल्लेख हुनुपर्नेलगायत अन्य संशोधन हुनुपर्ने माग दाबी रिटमा गरिएको थियो । सर्वोच्च अदालतले पीडित परिचयपत्र संशोधन गरेर मात्र वितरण गर्न भनेको छ । संक्रमणकालीन न्यायका निमित्त गठन भएका सत्यनिरुपण तथा मेलमिलाप र बेपत्ता छानबिन आयोगले परिचयपत्र वितरण प्रारम्भ गरेका थिए । तर अब संशोधन गरेर मात्र परिचयपत्र वितरण गर्नुपर्ने भएको छ ।

# जनमत पार्टीले माग्यो गाउँपालिकासँग विवरण



इसत्याक अहमद/मध्यान्ह
रौतहट, २३ मंसिर

रौतहटका पालिकाहरुमा अत्याधिक भ्रष्टाचार मौलाएको भन्दै जनमत पार्टीले यमुनामाई गाउँपालिकासँग आयव्यय विवरण मागेको छ । पार्टीले गाउँपालिकामै पहिलो पटक सूचनाको हक प्रयोग गरेर विवरणहरु मागेको हो ।

पार्टीको निवेदनमा भनिएको छ, 'यमुनामाई गाउँपालिकाको कार्यालय सरुअठामा रहेको तपसिलमा उल्लेखित विवरण, तथ्यांक तथा सूचना मेरो निजि एवं पार्टीगत प्रयोजनको लागि आवश्यक परेको जानकारी गराउन तथा उक्त सूचना नेपालको संविधानको धारा २७ तथा सुचनाको हक सम्बन्धि ऐन २०४६ को दफा ३ र ७ अनुसार ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपी उपलब्ध गराइ दिनहुन निवेदन दिएको सहर्स जानकारी गराउँदछौं ।'

पार्टीले २०७६/०७७ को गाउँपालिकाको आयव्यय विवरण, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको आयव्यय २०७५/०७६, ०७७, ०७७/०७८ को सम्पूर्ण विवरण, स्वास्थ्य तर्फको आयव्यय २०७५,०७६/०७७, ०७७/०७८ सम्पूर्ण खर्च विवरण, कोभिड १९ रोकथाममा यस गाउपालिकाबाट भएको खर्चको विवरण, विकास निर्माणतर्फ आयव्यय २०७५/०७६,०७६/०७७, ०७७/७८ मा सम्पूर्ण योजना तथा उपभोक्ता समिति र बजेट ठेक्कामार्फत सम्पन्न योजनाहरुको पूर्ण विवरण, शिक्षा तर्फ २०७५/०७६,०७६/०७७, ०७७/०७८ सम्पुर्ण खर्च विवरण माग गरेको छ ।

यस्तै पार्टीले कृषि तथा सिँचाइ तर्फ आयव्यय २०७५/०७६, ०७६/०७७, ०७७/०७८ सम्पूर्ण खर्च विवरण, विभिन्न सिओअ मुलक तालिमहरु संचालन भएको विवरणसहित त्यसमा आयव्यय २०७५ देखि २०७८ सम्मको सम्पूर्ण खर्च विवरण माग गरेको छ ।

उक्त पत्रको बोधार्थ राष्ट्रिय सूचना आयोगको केन्द्रीय कार्यालय बानेश्वर,काठमाडौं, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय काठमाडौंमा पठाएको छ ।

उक्त सूचनाको प्रतिलिपी छिटो भन्दा छिटो उपलब्ध गराइदिन दुर्गाभगवती गाउँपालिका वडा नं. नम्बर २ निवासी राजीव यादबले पार्टीको तर्फबाट निवेदन बुझाएका हुन् । गाउँपालिकाका सूचना अधिकारीले उक्त निवेदन बझ्ने एक हप्ताभित्र सम्पूर्ण विवरण उपलब्ध गराउने प्रतिवद्धता जनाएका थिए ।

# युआरएल पत्रकारिता पुरस्कार बास्तोलालाई



पोखरा/मस-पत्रकार हरिप्रसाद बास्तोलालाई यस वर्षको युआरएल पत्रकारिता पुरस्कारबाट सम्मान गरिएको छ । युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले बिहीबार आयोजना गरेको वार्षिकोत्सव समारोहमा गण्डकी प्रदेशकी स्वास्थ्य तथा जनसंख्या मन्त्री मधु अधिकारी गुरुङले उनलाई पुरस्कृत गरिन् । पुरस्कार राशि नगद २० हजार र ताम्रपत्र छ ।

पत्रकार बास्तोला राष्ट्रिय समाचार समिति (रासस)मा कार्यरत छन् । गण्डकी प्रदेशको पहिलो र अग्रणी रेफरेन्स ल्याब युआरएलले स्थापना र सञ्चालन गर्दै आएको यो पुरस्कार स्वास्थ्य बिटमा गण्डकी प्रदेशलाई केन्द्र बनाएर क्रियाशील १ पत्रकारलाई हरेक वर्ष प्रदान गर्ने गरिन्छ ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्री गुरुङले जनतालाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा दिन सरकार प्रतिवद्ध रहेको बताइन् । महामारीले यो क्षेत्रमा निकै ठूलो चुनौती थपेको उल्लेख गर्दै उनले निजी क्षेत्रसँग सहकार्य गर्दै सरल र सुलभ तवरले स्वास्थ्य सेवा प्रदान गरिने उल्लेख गरिन् । उनले स्वास्थ्य क्षेत्रमा कुनै अव्यवहारिक नीति, नियम, कानुन भए, तिनलाई परिमार्जन गरिने बताइन् ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति एवं चिफ कन्सल्टेन्ट फिजिसियन प्राडा बुद्धिबहादुर थापाले पछिल्लो समय नेपालले स्वास्थ्य क्षेत्रमा निकै फड्को मारेको बताए । उनले राजधानी र विदेश पठाउनुपर्ने रक्त परीक्षण पोखरामै उपलब्ध गराउने युआरएल जस्ता प्रयोगशाला हरेक प्रदेश र जिल्ला जिल्लामा स्थापना हुनुपर्ने विचार राखे ।

प्रतिष्ठानका सिनेटर मीनबहादुर गुरुङले राज्यका नीति, नियम र मापदण्ड पालना गरी युआरएलले गुणस्तर सेवामा छुट्टै पहिचान बनाएको बताए । युआरएल पत्रकारिता पुरस्कार छनोट समिति संयोजक दीपेन्द्र श्रेष्ठले साढे ३ दशकदेखि पत्रकारितामा क्रियाशील पत्रकार बास्तोलालाई पुरस्कृत गर्दा पत्रकारिता क्षेत्र नै सम्मानित भएको बताए । नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्षसमेत रहेका श्रेष्ठले प्रदेश सरकारलाई बिमामा सबै प्रदेशवासीलाई आवद्ध गर्न र नमुना प्रदेश बनाउन आग्रह गरे ।

नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारीले युआरएलले गुणस्तरीय सेवासँगै सेवा प्रवर्द्धनका लागि सामाजिक कार्य र सञ्चार माध्यमसँग सहकार्य गरी नमुना काम गरेको जनाइन् । अफिन गण्डकी प्रदेश अध्यक्ष अशोक पालिखेले स्वास्थ्य क्षेत्रमा सरकारभन्दा ३ गुणा बढी हिस्सा निजी क्षेत्रको भए पनि सरकार निजी क्षेत्र मैत्री हुन नसकेको गुनासो गरे ।

युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले राज्यका मापदण्ड पालना गर्दै गुणस्तरीय सेवा दिएर प्रदेशलाई प्रयोगशाला क्षेत्रमा आत्मनिर्भर बनाउन लागिपरेको जनाए । उनले ५ करोडभन्दा बढी लगानी गरी हालै पोखराको हस्पिटलचोकमा शाखा सञ्चालन गरिएको उल्लेख गरे ।

युआरएलका निर्देशक सन्दीप अर्यालले आफूहरुले सेवापछिको नाफामा विश्वास गर्ने जनाए । उनले गुणस्तरीय सेवा दिन कर्मचारीलाई तलिम, क्वालिटी अडिट जस्ता विधि अपनाइएको जानकारी दिए । युआरएलका अर्थ निर्देशक गणेश कोइरालाले संसारकै सर्वोत्कृष्ट प्रविधि, दक्ष जनशक्ति र सेवाग्राहीको विश्वासले युआरएल यहाँसम्म आएको बताए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/०८/२४

बि. जि. इन्टरटेनमेन्ट प्रा.लि. (प्रा.लि.नं.: [illegible]) को मिति [illegible] [illegible] सारेगम स्टुडियो प्रा.लि. [illegible] सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार

१. कम्पनी : ABDULLAH SALEM AL-MUTAIRI CONTRACTING शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०८/२३ चलानी नं.: ६०१७००२७ LT. No.: 253364

